लुम्बिनी प्रदेशमा सिटिजन्सको वृक्षारोपण

काठमाडौं । बिट द प्लाष्टिक भन्ने नाराका साथ सिटिजन्स बैंकले विश्व वातावरण दिवसका उपलक्ष्यमा लुम्बिनी प्रदेश र कर्णाली प्रदेशमा वृक्षारोपण सम्पन्न गरेको छ । बढ्दो जलवायु परिवर्तन न्यूनीकरण गर्न अपरिहार्य रुख तथा बोटबिरुवा जगेर्ना तथा प्रवर्द्धनका लागि बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बुधवारको दिन लुम्बिनी प्रदेशको वनबाटिका तिलोत्तमा नगरपालिकामा र कर्णाली प्रदेशको भाइराम सामुदायिक वन, वीरेन्द्रनगरमा बृहत् वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको हो ।

वातावरण दिवसका अवसरमा लुम्बिनी प्रदेशमा करिब एक सय पाँच विभिन्न प्रजातिका बिरुवा र कर्णाली प्रदेशमा सयभन्दा बढी बिरुवा रोपेर बृहत् वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको बैंकले जनाएको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले यसअघि नै देशका विभिन्न स्थानहरूमा स्वास्थ्य शिविर सञ्चालन, सामुदायिक विद्यालय एवं मठमन्दिरहरूमा सहयोग गर्दै आएको छ ।

आइएमई हस्पिटालिटीमा एससिटीबाट भुक्तानीमा छुट

काठमाडौं । नेपाल राष्ट्र बैंकबाट अनुमतिपत्र प्राप्त भुक्तानी प्रणाली सञ्चालक संस्था स्मार्टच्वाइस टेक्नोलोजिज लिमिटेड (एससिटी) र नेपालकै उत्कृष्ट होटल ग्रुपहरूमध्ये पर्ने आइएमई हस्पिटालिटीबीच एससिटी-युपिआई कार्डका ग्राहकलाई ग्रुपअन्तर्गतका होटलमा १५ प्रतिशतसम्म छुट हुने सम्झौता भएको छ ।

सम्झौतासँगै जुन १ देखि डिसेम्बर ३१ सम्म लाजिम्पाटस्थित होटल हिमालय र साके एण्ड फेंग तथा पोखरास्थित लेकसाइड रिट्रिटमा एससिटी-युपिआई कार्डका ग्राहकले कार्डबाटै भुक्तानी गरेमा फुड एण्ड बेभेरेज बिलमा तथा रुम भाडादरमा १५ प्रतिशत छुट पाउनेछन् । रुम महसुलमा छुट पोसमा हुने कारोबारमा मात्र उपलब्ध हुनेछ ।

एससिटीले हाल २१ बैंक तथा वित्तीय संस्था र सयभन्दा बढी सहकारी संस्थामार्फत् एससिटी-युपिआइ कार्ड जारी गर्दै आएको छ । उक्त अफरमार्फत् कार्डको अधिकतम प्रयोग गराउने र कार्डमार्फत् नगदरहित कारोबारलाई प्रोत्साहन गर्ने उद्देश्य रहेको छ ।

एससिटी-युपिआई कार्ड नहुने ग्राहकले पनि अफरमा सहभागी हुन आफ्नो नजिकैको बैंक तथा वित्तीय संस्थामा गएर एससिटी-युपिआई कार्ड माग गरी कार्ड प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ ।

हिमालयनको गौंडा शाखा स्थानान्तरण

काठमाडौं । हिमालयन बैंकले नजिक भएका शाखा सञ्जालमध्ये गौंडा शाखालाई स्थानान्तरण गरी दूधपोखरी गाउँपालिका ५, जोर्ने लमजुङबाट दूधपोखरी शाखा नामबाट सम्पूर्ण बैंकिङ सेवा प्रदान गर्ने गरी सञ्चालनमा ल्याएको छ । उक्त शाखाको शुभारम्भ दूधपोखरी गाउँपालिका अध्यक्ष धनबहादुर गुरुङले बैंकका कर्मचारी तथा अतिथिहरूको उपस्थितिमा गर्नुभएको हो । हाल बैंकले नेपालभरि फैलिएका १७४ शाखा कार्यालय, २० विस्तारित काउन्टर, २८६ एटिएम, आठ हजारभन्दा बढी पोस टर्मिनल र १५ हजारभन्दा बढी विप्रेषण भुक्तानी केन्द्रबाट विभिन्न बैंकिङ सेवा प्रदान गर्दै आएको बैंकका प्रेस तथा जनसम्पर्क अधिकृत शीतल कोइलारालाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

इसिएफअन्तर्गत आइएमएफले नेपाललाई छ अर्ब दिने

> आइएमएफले इसिएफअन्तर्गत नेपालको आर्थिक सुधार कार्यक्रमको छैटौं किस्ताबापत झण्डै छ अर्ब रुपैयाँ बराबरको वित्तीय सहयोग प्रदान गर्ने भएको छ ।

हिमालय टाइम्स
काठमाडौं, २८ जेठ

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले विस्तारित कर्जा सुविधा (इसिएफ) अन्तर्गत नेपालको आर्थिक सुधार कार्यक्रमको छैटौं किस्ताबापत नेपालले करिब चार करोड २७ लाख अमेरिकी डलर अर्थात् झण्डै छ अर्ब अर्थात् पाँच अर्ब ८३ करोड रुपैयाँ बराबरको वित्तीय सहयोग प्राप्त गर्ने भएको छ । आइएमएफको कार्यकारी बोर्डबाट छैटौं समीक्षा पूरा हुन कर्जा लगानीको समीक्षामा थप प्रगति गर्ने पूर्वशर्त पूरा गर्न आवश्यक रहेको जनाइएको छ । उक्त सहमतिसँगै इसिएफअन्तर्गत नेपालले हालसम्म प्राप्त गरेको कुल वित्तीय सहायता २५ करोड ११ लाख एसडिआर अर्थात् लगभग ३३ करोड १८ लाख अमेरिकी डलर पुग्नेछ, जुन कुल २८ करोड २४ लाख एसडिआरमध्येको अंश हो ।

आइएमएफको टोलीले जेठ १३ देखि २८ सम्म काठमाडौंको भ्रमण गरेको थियो । अन्त्यमा जारी गरिएको विज्ञप्तिमा नेपालले इसिएफको सहयोगमा सञ्चालित कार्यक्रमको कार्यान्वयनमा निरन्तर प्रगति गरिरहेको र कार्यक्रमको कार्यसम्पादन सन्तोषजनक रहेको उल्लेख छ । जनवरी २०२५ का लागि बालबालिका कल्याण अनुदानको सूचकबाहेक सबै परिमाणात्मक कार्यसम्पादन मापदण्ड पूरा भएको आइएमएफले उल्लेख गरेको छ । आइएमएफले वित्तीय क्षेत्रका जोखिमहरू अझै कम नभएका भन्दै अप्रिल २०२५ मा खराब कर्जा बढेर ५.२ प्रतिशत पुगेकाले बैंकको पुँजीमा असर पारेको जनाएको छ । आइएमएफ टोलीले उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. शिवराज अधिकारी, नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलगायतसँग भेटघाट र छलफल गरेको थियो ।

विश्व अर्थतन्त्र खस्किने विश्व बैंक प्रक्षेपण

विश्व बैंकले विश्व अर्थतन्त्रको वृद्धिदरसम्बन्धी पूर्वानुमान घटाएको छ । विश्व बैंकद्वारा मंगलबार सार्वजनिक 'विश्व आर्थिक दृष्टिकोण' प्रतिवेदनअनुसार हाल देखिएको अस्थिर अवस्थाले विश्वको करिब ७० प्रतिशत अर्थतन्त्रमा वृद्धिदर घटाउने प्रभाव पारेको छ । प्रतिवेदनअनुसार सन् २०२५ का लागि विश्व आर्थिक वृद्धिदर २.७ प्रतिशतबाट घटाएर २.३ प्रतिशत बनाइएको छ भने सन् २०२६ का लागि उक्त दर २.७ प्रतिशतबाट घटाएर २.४ प्रतिशतमा झारिएको छ । विकसित देशहरूमा आगामी वर्ष १.२ प्रतिशतको वृद्धि हुने अपेक्षा गरिएको छ तर पनि अघिल्लो अनुमानभन्दा कम हो ।

विकासशील तथा उदाउँदा बजार अर्थतन्त्रमा सन् २०२५ को वृद्धिदर ३.८ प्रतिशत रहने अनुमान गरिएको छ, जुन पूर्वानुमानभन्दा ०.३ प्रतिशत अंकले कम हो । संयुक्त राज्य अमेरिकाको वृद्धिदर २०२५ मा १.४ प्रतिशतमात्र रहने सम्भावना देखिएको छ, जुन अघिल्लो पूर्वानुमानभन्दा कम हो । सन् २०२४ को २.८ प्रतिशत वृद्धिको तुलनामा आधामात्र हो । युरोप क्षेत्र र जापान दुवैको वृद्धिदर ०.७ प्रतिशत रहने अनुमान गरिएको छ भने चीनको वृद्धिदर अघिल्ला पूर्वानुमानअनुसार रहनेछ ।

प्रतिवेदनअनुसार केही महिनाअघि सहज सुधारको आशा गरिएको विश्व अर्थतन्त्र फेरि चुनौतीपूर्ण परिस्थितिमा प्रवेश गरिरहेको छ । शीघ्र उपयुक्त नीतिगत कदम नचालिएमा जनजीवनमा दीर्घकालीन असर पर्न सक्ने चेतावनीसमेत दिइएको छ ।

विश्व बैंक समूहका प्रमुख अर्थशास्त्री तथा वरिष्ठ उपाध्यक्ष इन्डर्मिट गिलले भन्नुभयो, 'एसियाबाहेकका क्षेत्रहरूमा विकासको गति सुस्त बन्दै गएको छ, जसले विकासशील राष्ट्रलाई थप चुनौतीमा पार्ने सम्भावना देखिन्छ ।' उहाँका अनुसार विकासशील राष्ट्रहरूमा लगानीको दर अपेक्षाकृत कम भएको र ऋणको भार उच्च रहेकाले आय असमानता हटाउने तथा गरिबी घटाउने प्रयासमा प्रगति पर्याप्त छैन । भविष्यको आर्थिक स्थायित्व मुख्यतया वैश्विक व्यापार नीतिको दिशामा निर्भर रहनेछ ।

प्रतिवेदनले २०२६ र २०२७ मा केही सुधारको संकेत गरे पनि समग्रमा आर्थिक उत्पादनस्तर अघिल्लो अनुमानभन्दा अझै तल रहने उल्लेख गरेको छ । व्यापार प्रतिबन्धहरू तीव्र रूपमा बढ्ने वा नीतिसम्बन्धी अन्योलता निरन्तर रहने हो भने आर्थिक वृद्धिमा थप गिरावट आउन सक्ने भन्दै विश्व बैंकले सचेतसमेत गराएको छ ।

अर्गानिक तरकारीका लागि छुट्टै स्टल माग

प्रकाश मैनाली/हिटा
सर्लाही, २८ जेठ

सर्लाहीको लालबन्दीमा व्यावसायिक रूपमा तरकारीखेती हुँदै आएको छ । यस क्षेत्रका किसानको जीविकोपार्जनको मुख्य स्रोतका रूपमा तरकारीखेती रहेको छ । तरकारीखेती गरिरहेका किसानले पछिल्लो समय जैविक विधिबाट तरकारीखेती सुरु गरेका छन् । लालबन्दी १०, ११ र १२ का किसानलाई लालबन्दी नगरपालिकाको सहकार्यमा ग्राउन्ड्सवेलको सहयोगमा हरिपुरस्थित ग्रामीण नारी उत्थान संघले जैविक तरकारीखेती गराउँदै आएको छ । यसरी जैविक तरिकाले गरिएको खेतीबाट समेत राम्रो उत्पादन हुन थालेको एकता कृषि समूहका अध्यक्ष भोलादेवी गौतमले बताउनुभयो । यसरी उत्पादित तरकारी बेच्न छुट्टै स्टलको व्यवथा भए सहज हुने उहाँको भनाइ थियो ।

लालबन्दीका नगरप्रमुख वासुदेव अधिकारी, प्रमुख प्रशासकीय अधिकृत वसन्त न्यौपाने, ग्रामीण नारी उत्थान संघका अध्यक्ष गोमादेवी न्यौपाने, सञ्चारकर्मीलगायतको टोलीले किसानले लगाएको जैविक तरकारखेतीको अनुगमन गरेको छ ।

अनुगमनका क्रममा एकता कृषि समूहका सदस्य रस्मिता कटुवाल संस्थाले सिकाएअनुसार आफूहरूले अर्गानिक तरिकाले खेती गर्ने गरे पनि विषादी हालेको तरकारीसँग बजारमा प्रतिस्पर्धा गर्न नसकेको बताउनुभयो । उपभोक्ताले राम्रो, चिल्लो तरकारीमा आँखा लगाउँदा अर्गानिक तरकारीले बजार पाउन नसकेको उहाँको गुनासो थियो ।

लालबन्दी नगरप्रमुख अधिकारीले किसानको समस्या समाधानका लागि नगरपालिकाले लालबन्दी बजारमा लारदै आएको तरकारी बजारलाई थप व्यवस्थित बनाउँदै अर्गानिक तरकारीका लागि छुट्टै व्यवस्था गर्ने बताउनुभयो । हाल उपभोक्तामा अर्गानिक र विषादी प्रयोग गरेको तरकारीबारेमा समेत फरक छुट्याउने कार्यक्रम सञ्चालन हुन नसक्दा उपभोक्ताको पहिलो रोजाइ विषादीयुक्त तरकारी रहेको भन्दै नगरपालिकाले जैविक तरकारीको बजारीकरणमा सहयोग गर्ने पनि उहाँले जानकारी गराउनुभयो ।

उहाँका अनुसार किसान रैथाने बीउको संरक्षणमा समेत जुटेका छन् । यहाँ किसानले अहिले बीउ बैंकमार्फत् ३२ जातको बीउको संरक्षण गरिराखेका छन् । यसरी राखिएको बीउले खडेरी तथा अनिकालपछि पनि बीउ संरक्षणमा टेवा पुग्ने ग्रामीण नारी उत्थान संघका अध्यक्ष गोमादेवी न्यौपानेले बताउनुभयो ।

वेबसाइट निर्माण प्रतियोगिता हुने

काठमाडौं । सूचना प्रविधिको अभ्यासलाई व्यावहारिक जीवनसँग जोड्दै विद्यार्थीमा सिर्जनात्मकता र आत्मविश्वास विकास गराउने उद्देश्यका साथ लाइफ कम्प्युटरले सिजन ७ अन्तर्गतको वेबसाइट निर्माण प्रतियोगिता सुरु गरेको छ । यस वर्षको प्रतियोगिता २०८१ सालमा माध्यमिक शिक्षा परीक्षा(एसइई) दिएका विद्यार्थीका लागि मात्र खुला गरिएको आयोजकले जनाएको छ । विद्यार्थीहरूले आफ्नो सिर्जनामा आधारित वेबसाइट तयार गरी जेठको अन्तिम साताभित्र बुझाउनुपर्नेछ । प्रतियोगितामा सहभागी हुन कुनै शुल्क नलाग्ने बताइएको छ ।

लाइफ कम्प्युटरका प्रमुख कार्यकारी अधिकृत रमेश पोखरेलका अनुसार प्रतियोगिता केवल वेबसाइट बनाउने अभ्यासमात्र नभई जीवन बनाउने प्लेटफर्म हो । उहाँले भन्नुभयो, 'हामी यो कार्यक्रममार्फत् विद्यार्थीलाई किताबको पानामात्र होइन, व्यवहारको प्लेटफर्ममा लैजान चाहन्छौं, सूचना प्रविधि सिक्नु एउटा सीप हो तर त्यसलाई प्रयोग गरेर सोच बदल्नु दृष्टिकोण हो । हामी त्यो दृष्टिकोण दिन चाहन्छौं ।' कार्यक्रम संयोजक लक्ष्मी खत्रीले प्रतियोगिता केवल कम्प्युटर चलाउने कुरामात्र नभई विद्यार्थीले वेबसाइट बनाउने सीपसँगै आफ्नो सोच प्रस्तुत गर्न सक्ने आत्मविश्वास र सार्वजनिक प्रस्तुतीकरणको अभ्यास पनि सिक्ने बताउनुभयो । उहाँका अनुसार प्रतियोगितामा सहभागी सबै विद्यार्थीलाई प्राविधिक अभिमुखीकरण तालिम, मार्गदर्शन सामग्री र युनिक कोड प्रदान गरिनेछ, जसका माध्यमबाट मूल्यांकन सहज र पारदर्शी तरिकाले गरिनेछ ।

तारकेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धर्मस्थली, काठमाडौं
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८२/०२/२९ गते

यस कार्यालयबाट विभिन्न मितिमा प्रकाशित सार्वजनिक सूचना अनुसार दर्ता भएका बोलपत्रहरु मूल्यांकन हुंदा निम्न बमोजिमका बोलपत्रदाताको बोलपत्र सारभूत रुपमा प्रभावग्राही पाईएकोले तपसिल बमोजिम ठेक्काको बोलपत्र स्वीकृतीका लागि छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोही ऐनको दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	ठेक्का नं. र योजनाको विवरण	स्वीकृत हुने बोलपत्रदाताको नाम	कबोल अंक (भ्याट समेत)
१.	Procurement of office materials (Tara/41/GOODS/NCB/081-082)	Kushal Enterprises	रू. २१,०६,२३३.८४

प्रमुख प्रशासकीय अधिकृत

Katari Municipality
Office of Municipal Executive
Koshi Province
Udayapur, Nepal

Notice of Intent to Award the Contract

Date of publication: 12th June, 2025 (2082/02/29)

This is to notify all concerned bidders that it is our intention to award contract to the following party, selected as the Substantially Responsive Lowest Evaluated Bid for the procurement of the specified goods under Contract ID provided below:

S.N	Contract ID	Description of work	Name and Address of Successful Bidder	Bid Price including VAT (NRs)
1	KMUN/P/ SQ/20/081/82	Supply and Delivery of Agricultural Machineries at Katari Municipality	Shree Krishna Krishi Aujar Supplier, Dhankuta	13,35,999.49

This notice is published as per Public Procurement Act 2063, Clause no. 27.2 & 27.3.

Chief Administrative Officer

Notice for the Intention to accept the bid

(Date of publication: 2082/02/29 (12th June 2025)

Road Division Pyuthan intends to accept the following bid as the lowest evaluated successful bidders for the Contract as mentioned below and publishes this notice as per Rule no 84(10) of Public Proc.Rules 2064 .

S.N	Contract No.	Description of Work	Substantially Responsive Lowest evaluated Bid	Quoted Amount (NRs, incl.VAT & PS)
1	RDPTN/33701169/ 81/82-80	Road Upgrading work Pyuthan-Bijuwar Dhanti-Dhungethati-Aresh Rolpa in Pyuthan (CH: 0+000 TO 4+500)	Jay K.J/ Santosh/ Abishek and Aabhas JV	NRs.18,362,775.26
2	RDPTN/33701169/ 81/82-81	Roadway Upgrading of Beluwa-Khaira Banskhola-Saribang Road, Pyuthan (Saribang-Bijuwar section)	Lekali Nirman Sewa, Khalanga Pyuthan	NRs.18,484,285.27
3	RDPTN/33701169/ 81/82-82	Roadway Upgrading of Beluwa-KhairaBanskhola-Saribang Road in Pyuthan	Lekali Nirman Sewa, Khalanga Pyuthan	NRs.18,14,7015.3
4	RDPTN/33701169/ 81/82-83	Roadway Upgrading of Vitrikot-BijuwarBhanjang-Jhakristhan sadak, Pyuthan (Bijuwar-Vitrikot Section)	Lekali-NNS JV, Khalanga Pyuthan	NRs. 19,252,440.63
5	RDPTN/33701169/ 81/82-84	Roadway Upgrading of Vitrikot-BijuwarBhanjang-Jhakristhan sadak, Pyuthan (Bijuwar-Jhakristhan section)	Lekali- NNS JV, Khalanga Pyuthan	NRs.19,234,475.32

Division Chief

इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि., दुवाकोट, भक्तपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४५६६३९३, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: hitadaily@gmail.com, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल